# बेनीघाट रोराङ गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

**विशालटार, धादिङ**

## आ.व. ०७५/०७६ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/४/२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ घ (६) तथा प्रदेश आर्थिक विधेयक, २०७५ को दफा ९ (१) को अनुसुची ५ मा भएको व्यवस्था अनुसार वेनीघाट रोराङ गाँउ कार्यपालिकाको आन्तरीक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधी २०७५, राजस्व परामर्श समितिको सिफारीस र वेनीघाट रोराङ गाँउ कार्यपालिकाको निर्णय अनुसार आ.व. २०७५/०७६ को वाकी अवधि देखी २०७६ आषाढ मसान्त सम्म) को लागि देहाय वमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाँउ कार्यपालिकाबाट तोकिएको दररेटमा चुनढुंगा,गिट्टी,,वालुवा,चिप्समा निकासी शुल्क संकलनको ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको फर्म नवीकरण, आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र वोलपत्र खरिद गरी पेश गर्न यो ३० दिने सूचना प्रकासित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्र सम्वन्धी अन्य विवरण गाँउ कार्यपालिको को web site : www. benighatrorangmun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७५/७६ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७४/०७५ | यस गाऊ कार्यपालिकाको अन्नपूर्ण क्वारिजको खानीवाट उत्पादन भई निकासी हुने चुनढुंगा, गिट्टी,, वालुवा, चिप्स निकासी शुल्क उठाउने कार्य | चुनढुंगा,गिट्टी,,वालुवा,चिप्स प्रति क्यू फिट ६।०० (छ रुपैयाँ मात्र) | १,७०,०००००।- ( एक करोड सत्तरी लाख रुपैयाँ मात्र) | खानी विभागबाट स्विकृत IEE/EIA प्रतिवेदन अनुसार | ५०००।- | कवोल अंकको ५ प्रतिशत |
| २ | राजस्व २।०७४/०७५ | यस गाउ कार्यपालिकोको हेटौडा सिमेन्ट उद्योगका खानीवाट उत्पादन भई निकासी हुने चुनढुंगामा निकासी शुल्क उठाउने कार्य | चुनढुंगा,गिट्टी,,वालुवा,चिप्स प्रति क्यू फिट ६।०० (छ रुपैयाँ मात्र | १५,००,०००।- ( पद्र लाख रुपैयाँ मात्र) | खानी विभागबाट स्विकृत IEE/EIA प्रतिवेदन अनुसार | १०००।- | कवोल अंकको ५ प्रतिशत |

**वैंकको नाम :** राष्ट्रिय वाणिज्य वैंक धादिङवेशी शाखा धादिङ
**वैंक खाता नं. १०३०३०३००७१०४** (धरौटीको लागि)

**वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति :** २०७५/०५./२१ गते दिनको ५.०० वजे
**वोलपत्र दर्ता अन्तिम मिति :** २०७५/०५/२२ दिनको १२:०० वजेसम्म
**वोलपत्र खोल्ने मिति :** २०७५/०५/२२ दिनको २ :०० वजे

**शर्तहरु :**

१.बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङ वेशी शाखामा रहेको धरौटी खाता नं. **१०३०३०३००७१०४** मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।
२.ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ।
३. खानी तथा क्रसरको हकमा नियम संगत दर्ता भएको खानी तथा क्रसर मात्र सञ्चालन हुने भएकोले ति उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीमा मात्र कर लिन पाईने छ।
४. पूल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुबैतर्फ तोकिएको ५०० मिटरसम्म ढुडा, गिट्टी, वालुवा, ग्रावेल र रोडा निकाल्न पाईने छैन
५. बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निधारण समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ।
६. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७६ असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।
७. ठेक्काको बांकी दुई किस्ता रकम क्रमशः पहिलो किस्ता कार्तिक मसान्त, दोश्रो किस्ता फाल्गुन मसान्त मसान्त भित्र बुझाइसक्नु पर्नेछ।
८. ठेकेदारले उठाउने कर यस कार्यालयदारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन।
९. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम र बेनीघाट रोराङ गाउ कार्यपालिका भनि प्रष्ट बुझ्ने गरी लेख्नु पर्ने छ र वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
१०. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन।
११. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
१२. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन स्थानीय सरकार ऐन २०७४ बमोजिम हुनेछ।
१३. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
१४. मार्वल, कृषि तथा कृषिजन्य उद्योगमा प्रयोग हुने चुनढुङ्गामा कर लिन पाईने छैन।
१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।
१६. विषेश अवस्थामा सुचनामा उल्लेखित सर्त समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।
१७. सुचना सम्बन्धी विस्तृत विवरण यस कार्यालय तथा सम्बन्धित विभिन्न कार्यालयहरुको अतिरिक्त कार्यालयको वेवसाईड www.benighatrorangmun.gov.np मा समेत हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत